## प्रधान कार्यालय
## कर्जा असुली विभाग

### नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना
### (प्रकाशित मिति २०८०/०६/०३)

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखाहरुबाट कर्जा पार्टीहरुले उपभोग गरेका कर्जाहरुको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक-पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चल अचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो सो को मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/०६/१७ गते) भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन निम्नानुसारको शर्तनामा पालना गरी गोप्य सिलबन्दी वोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित जग्गा, घर टहरा खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
३. बोलपत्र पेश गर्ने अन्तिम मिति (अर्थात मिति २०८०/०६/१७ गते) को भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको १:०० बजे सम्बन्धित शाखा र प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको उपस्थिति तथा अन्य प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री केडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तिमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानतपत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्रदातालाई दिइने छैन ।
७. जग्गा, घर टहरा, मिल मेशिनरी र सवारी साधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ ।
९. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयम्ले व्यहोर्नुपर्नेछ ।
१०. निम्न उल्लेखित जग्गा, घर टहरा छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
११. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्ने भए सो फर्म/कम्पनी दर्ता/नविकरण प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
१२. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
१३. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।

**तपसिल**

**माईस्थान शाखा**

**१. ऋणीको नाम : विष्णु किराना पसल तथा कोल्ड स्टोर प्रो. विनेस साह कानु, ठेगाना : साबिक वीरगंज - २८, सिर्सिया, पर्सा**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि. नं. | क्षेत्रफल (व.मि.) | | |
| बच्चन देवी साह कानु | पर्सा जिल्ला, साबिक श्रीसीया ख.टो. - ८, | १५०<br>१५२ | ०,०३७२.४६<br>०,०५०७.९० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.१००० |

**२. ऋणीको नाम : प्रतिमा पोल्ट्री फर्म प्रो. अम्विका हजरा, ठेगाना : साबिक मुडली –५, पर्सा**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर ठेगाना |
|---|---|---|---|---|---|
| | ठेगाना | कि. नं. | क्षेत्रफल (व.मि.) | | |
| अम्बिका हजरा | पर्सा जिल्ला, साबिक मुडली–५ | ९५<br>१६६ | ०९२.५०<br>०७६.२५ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.१००० |

**गौशाला शाखा**

**१. ऋणीको नाम :– बजरङ्गी पोल्ट्री फर्म प्रो. हिरालाल महतो, ठेगाना : गौशाला –४, महोत्तरी**

| जग्गाधनीको विवरण | सुरक्षण विवरण | | | कैफियत | फारम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं | क्षेत्रफल(विगाहा) | | |
| असर्फि महतो कोईरी | महोत्तरी जिल्ला, साबिक ३ नं. बहादुरगंज–४/ख | १८५ | ०–१०–७–० | जग्गा तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत | रु.१००० |

## मटिहानी शाखा

**१. ऋणीको नाम :– मुस्कान बस्त्रालय प्रो. सवनम खातुन, ठेगाना : पिपरा गा.पा. - ४, महोत्तरी**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि. नं. | क्षेत्रफल (विगाहा) | | |
| मोहम्मद जहिद नुरी | महोत्तरी जिल्ला, साबिक अलिपटीपर्सा - १, | ६८५ | ०-०-९-० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १०००/- |

## सि.अ.जनकपुर शाखा

**१. ऋणीको नाम :– सुमित इन्टरप्राइजेज प्रो. विनोद यादव, ठेगाना : साबिक जनकपुर - ८, जनकपुर, धनुषा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि. नं. | क्षेत्रफल (विगाहा) | | |
| विनोद यादव | धनुषा जिल्ला, साबिक जनकपुर - ७, | १९१ | ०-०-१०-२.२५ | जग्गा/घर तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत | रु. १०००/- |

**२. ऋणीको नाम :– जय माँ भगवति कन्सट्रक्सन प्रो. विहारी गोहितमान यादव, ठेगाना : साबिक लवटोली–७, धनुषा**

| जग्गाधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि. नं. | क्षेत्रफल (विगाहा) | | |
| विहारी गोहितमान यादव | धनुषा जिल्ला, साबिक लवटोली–३ क | ४९४ | ०-६-११–० | जग्गा तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत | रु. ३०००/- |
| गिता देवी यादव | धनुषा जिल्ला, साबिक लवटोली–२, | ५०२ | ०-०-१५-० | जग्गा तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत | रु. १०००/- |

## मेलम्ची शाखा

**१. ऋणीको नाम :– सोनु किराना स्टोर्स प्रो. सोनु राई (दनुवार) ठेगाना : मेलम्ची–११, सिन्धुपाल्चोक**

| जग्गाधनीको विवरण | सुरक्षण विवरण | | | कैफियत | फारम दस्तुर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं | क्षेत्रफल(रोपनी) | | |
| जयराम दनुवार | सिन्धुपाल्चोक जिल्ला, साबिक मेलम्ची–२, | १९११<br>१९१५<br>१९१९ | ०–२–३–०,<br>०–१३–१–१,<br>०–४–१–० | जग्गा तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत | रु.१००० |